Aurora Public Schools

**Division of Equity in Learning**
15751 E. First Ave.
Aurora, CO 80011

Phone – 303-340-0859
Fax – 303-326-1966
Web – auorak12.org

फेब्रुअरी २०१८

**पाठ्यक्रम अपडेट – एलिमेन्टरी तथा मिडल तह साक्षरता**

सेप्टेम्बर २०१७ मा, एपिएस साक्षरता समूहले साक्षरता शिक्षणका सबै घटकहरूलाई सहयोग गर्न विभिन्न टियर एक स्रोतहरूको समीक्षा र पहिचान गर्नका लागि एउटा कार्य दल निर्माण गऱ्यो। यस कार्यदलको उद्देश्य डिस्ट्रिक्ट नेतृत्व समूहलाई पढाइ, लेखाइ र शब्द अध्ययनमा सहयोग गर्ने विभिन्न किसिमका स्रोतहरूका लागि खर्च विश्लेषण गर्नु थियो। तीन महिनाको अवधिमा, यो समूह सन्तुलित साक्षरता शिक्षणलाई सहयोग गर्दा कोलोराडो शैक्षिक स्तरसँग मिल्ने सर्वोत्तम स्रोतहरू निर्धारण गर्न विभिन्न भेन्डरहरूको प्रस्तुतिकरणमा सहभागी भयो। कार्यदलका सदस्यहरूमा स्कूल नेतृत्वकर्ताहरू, समुदाभरिका शिक्षण साझेदारहरू, एपिएस साक्षरता समूहका सदस्यहरू पर्दछन् जसमा विशेष शिक्षा र सांस्कृतिक र भाषिक विविधता शिक्षाबाट प्रतिनिधिहरू सामेल हुन्छन्।

प्रारम्भिक समीक्षाका बेला, निम्नलिखित पाठ्यक्रमीय स्रोतहरू निस्किए:

| शीर्षक | प्रकाशक | तह | टिप्पणीहरू |
|---|---|---|---|
| फउन्टास एन्ड पिनेल *कक्षाकोठा* | हनेम्यान | एलिमेन्टरी | • वर्तमानमा अपनाइएको सामग्रीका अध्याबधिक गरिएका तथा नयाँ घटकहरू<br>• अपनाउनका लागि विचाराधीन |
| टिचर्स कलेज रिडिङ एन्ड राइटिङ युनिट्स अफ स्टडी | हनेम्यान | एलिमेन्टरी | • हालमा बहु एपिएस कक्षाकोठाहरूमा प्रयोग भैरहेका; अपनाउने प्रक्रियामा अगाडि नबढेको<br>• अपनाउनका लागि विचाराधीन |
| *वन्डर्स* | म्याकग्र हिल | एलिमेन्टरी | • सिफारिस तर्फ निर्धारण गर्नका लागि समीक्षाधीन<br>• १६ कक्षाकोठाहरूमा शिक्षकहरूले *वन्डर्स* र *बेन्चमार्च एडभान्स* समीक्षा गर्दैगरेको |
| *बेन्चमार्क एडभान्स* | बेन्चमार्क | एलिमेन्टरी | • सिफारिस तर्फ निर्धारण गर्नका लागि समीक्षाधीन<br>• १६ कक्षाकोठाहरूमा शिक्षकहरूले वन्डर्स र बेन्चमार्च एडभान्स समीक्षा गर्दैगरेको |
| टिचर्स कलेज *रिडिङ एन्ड राइटिङ युनिट्स अफ स्टडी* | हनेम्यान | मिडल | • हालमा बहु एपिएस कक्षाकोठाहरूमा प्रयोग भैरहेका; अपनाउने प्रक्रियामा अगाडि नबढेको<br>• सिफारिस तर्फ निर्धारण गर्नका लागि समीक्षाधीन |
| एआरसि | अमेरिकन रिडिङ कम्पनी | मिडल | • सिफारिस तर्फ निर्धारण गर्नका लागि समीक्षाधीन |
| इन्गेजएनवाइ | इन्गेजएनवाइ | मिडल | • सिफारिस तर्फ निर्धारण गर्नका लागि समीक्षाधीन |

मध्य-मार्चसम्म समीक्षाधीन स्रोतहरूलाई अपनाउनका लागि सिफारिस गर्न निधो गरेपछि, यी प्रत्येक प्रकाशनका एउटा शिक्षकको संस्करण र विद्यार्थीको संस्करण प्रोफेसनल सिकाइ सम्मेलन केन्द्र, 15751 E. 1st Ave, Aurora CO मा मार्च १९ देखि मार्च ३० सम्म ७:३० – ३:०० सम्म प्रदर्शनमा राखिनेछन्। म तपाईँलाई त्यहाँ पसेर, स्रोतहरूको समीक्षा गरी आफ्ना टिप्पणीहरू छाड्नका लागि निमन्त्रण गर्दछु। स्रोतहरूबारे बढी जानकारीका साथसाथै एपिएस कक्षाकोठाहरूमा स्रोतहरू हेर्नका लागि छिट्टै रिलिज हुने भिडियो लिङ्कहरूका लागि लिङ्क हेर्नुहोस्।

डा. स्टार्ला पियरसन
निर्देशक, शिक्षण र सिकाइ